## गोरखापत्र संस्थान ऐन, २०१६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः गोरखापत्र संस्थान ऐन, २०१६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "गोरखापत्र संस्थान (दोश्रो संशोधन) ऐन, २०४५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. गोरखापत्र संस्थान ऐन, २०१६ को दफा ८ मा संशोधनः गोरखापत्र संस्थान ऐन, २०१६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ को,–

(१) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः–

"(३क) खण्ड (ख), (ग), (घ) र (ङ) अन्तर्गत निर्वाचित वा मनोनीत सञ्चालकहरूको कार्यावधि चार वर्षको हुनेछ र कार्यावधि सकिएपछि निजहरू पुनः निर्वाचित वा मनोनीत हुन सक्नेछन् ।"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः–

"(४) उपदफा (३क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ग) र (घ) अन्तर्गत मनोनीत सञ्चालकको कार्यावधि पूरा नहुँदै निजको सट्टा श्री ५ को सरकारले अरू कुनै व्यक्तिलाई मनोनयन गर्न सक्नेछ ।"

(३) उपदफा (६) झिकिएको छ ।

३. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर गोरखापत्र तथा राइजिंग नेपालका प्रधान सम्पादकको नियुक्ति श्री ५ को सरकारले गर्नेछ ।"

४. मूल ऐनको दफा १५ मा संशोधनः मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः–

"१५. सञ्चालकले बैठकमा भाग लिन नपाउनेः महाप्रबन्धक वा दफा ८ बमोजिम सञ्चालक भइरहेको कर्मचारीलाई कारवाही गर्ने सम्बन्धमा बसेको समितिको



४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बैठकमा महाप्रबन्धक वा त्यस्तो कर्मचारीले सञ्चालकको हैसियतले त्यस्तो बैठकमा भाग लिन पाउनेछैन ।"

५. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ को,–

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) दशलाख रूपैयाँभन्दा बढी मूल्य पर्ने कुनै अचल सम्पत्ति खरीद गर्न वा प्राप्त गर्न, वा"

(२) खण्ड (ख) मा रहेका "पाँच वर्षभन्दा बढी" भन्ने शब्दहरूको सट्टा "दश वर्षभन्दा बढी" भन्ने शब्दहरू राखिएका छन् ।

(३) खण्ड (ग) मा रहेका "एक लाखभन्दा बढी" भन्ने शब्दहरूको सट्टा "पाँच लाख रूपैयाँभन्दा बढी" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल ऐनमा दफा ३०ख. थपः मूल ऐनको दफा ३०क. पछि देहायको दफा ३०ख. थपिएको छः–

"३०ख. स्थानीय कर नलाग्नेः संस्थानको कारोबारमा कुनै किसिमको स्थानीय कर लाग्नेछैन ।"

लालमोहर सदर मितिः– २०४५।७।१०।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।